# प्रदेश सभा

## गण्डकी प्रदेश

## दोस्रो अधिवेशन

**(उन्नतिसौं बैठक)**

## कार्यवाहीको सम्पूर्ण विवरण

मितिः- २०७५/०४/०३, दिनको ५.०० बजे

प्रदेश सभा, गण्डकी प्रदेश को दोस्रो अधिवेशनको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा साँझ ५ बजेर ४० मिनेटमा प्रारम्भ भयो ।

### माननीय सभामुख

माननीय सदस्यहरु, अबको बैठकको कारवाही प्रारम्भ हुन्छ ।माननीय सदस्यहरु अनि यो के कारण हो माग प्रतिपक्षी दलको नेता माननीय कृष्ण चन्द्र नेपालीले आफनो कुरा माग प्रस्तुत गर्न म अनुरोध गर्दछु ।

### माननीय श्री कृष्णचन्द्र नेपाली पोखरेल

सभामुख महोदय, केहि समय पहिले अगिल्लो सत्रमा सम्माननीय प्रधानमन्त्रीजिले सवा घण्टा भन्दा बढि समय लिएर यो प्रदेशको बिषयमा यसको बिषयमा प्रदेश सभाकै एउटा महत्व गरिमाको बिषयमा धैरै कुराहरु राख्नुभयो र वहाँले आफनो आधा शताब्दी लोकतन्त्रको लागि अर्पण गरेका कुराहरु पनि सुन्दै गर्दा उहाँका ति उद्‌गार र अभिव्यक्तिहरु त्यो लोकतन्त्रप्रतिको समर्पण र लोकतान्त्रिक सरकारको नेतृत्व गर्दै गरेको सम्माननिय प्रधानमन्त्रीजी यहाँ बोल्दै गर्दा मलाई जुम्लामा उहाँ बोल्दै गर्दा यहि समयमा जुम्लामा गोलिकाण्ड भएको छ । सभामुख महोदय जुम्लामा एउटा निर्दोष प्रहरी नै मरेको छ अरु घाइते भाको छ यो लोकतन्त्रमा र आज देशभरि सम्पूर्ण हस्पिटलहरु अस्पतालहरु बन्द भएका छन् लाखौं युवाहरु सडकमा उत्रिएका छन् त्यहाँका नागरिक समाज, त्यहाँका

सञ्चारकर्मी, यहाँका राजनीतिक दल सबैले आवाज बुलन्द गरिरहेको अवस्था डा. गोविन्द के.सी. का माग गोविन्द के.सी. को माग होइन त्यो माग आम नेपालीको माग हो त्यो माग ति जनताहरुको माग हो जसले सिटामोल खान पाउँदैनन् ति माग ति कर्णालीबासीको माग हो जसले अहिलेसम्म हस्पिटल देखेका छैनन् । ति माग ति युवाहरुको माग हो चिकित्सा शिक्षा लिनको लागि चर्को मुल्य तिर्नुपर्छ त्यसले पनि भ्याउँदैन विदेश जानु पर्छ। ति माग ति व्यक्तिहरुको आवाज हो जसले चिकित्सा क्षेत्र जस्ले माफियाको हातमा गएको छ त्यो माफियाको हातमा जान हुँदैन भन्ने भएको छ। सभामुख महोदय, त्यो माग राखेर अनसन बसेका डा. गोविन्द के.सी. र आज जबर्जस्ती अपहरणको शैलीमा सभामुख महोदय, लोकतन्त्रमा कार्यकारी प्रमुख सम्पूर्ण शक्तिशाली सर्वशक्तिशाली हुन्छ सभामुख महोदय, आज सम्मानिनिय प्रधानमन्त्री जी यो मुलुकको कार्यकारी प्रमुख हो त्यो कार्यकारी प्रमुखले एउटा सामजिक अभियन्ता जसले आम नेपालीहरुको आवाजलाई बुलन्द पारेको अवस्था छ त्यसलाई वार्ता नगरिकन त्यो अपहरण शैलिमा गर्नु दुखदायी कुरो छ मेरो दलको तर्फबाट त्यो एक्सनको लागि म भत्सर्ना गर्न चाहन्छु । सभामुख महोदय, मलाई लाग्छ लोकतन्त्रमा आधा जीवन बिताउने मेरो सम्माननीय प्रधानमन्त्री जी एयरपोर्टमा आउँदै गर्दा युवाहरुले गरेको सामान्य बिरोधलाई पनि वहाँले सहन नसकेर आज तिनिहरुलाई प्रहरी कस्टडीमा राखिएको छ, त सभामुख महोदय, म सभामुख महोदय मार्फत स्थानीय सरकार प्रदेश सरकारलाई पनि म अनुरोध गर्न चाहन्छु । ति व्यक्तिहरुलाई अविलम्ब यहाँ रिहाई गरियोस् । सभामुख महोदय, यति भनिकन म के भन्न चाहन्छु भने के के.सी. का माग उनका निजि माग हुन । के के.सी. लाई केहि व्यक्तिहरुले उक्साहट गरेर भोकै बसेका हुन । म सभामुख महोदय मार्फत म सम्मानित प्रधानमन्त्रीलाई कोइश्चन गर्न चाहन्छु अनसन बस्ने सत्याग्रह बस्ने जुन सत्याग्रह र अनसनको बलमा आज यो मुलुक सम्पूर्ण आमुल परिवर्तन भएको छ त्यसमा एउटा चाहिने सत्याग्रहीलाई त्यस किसिमबाट होच्याएर बोल्ने के त्यो पदलाई सुहाउँछ । म सभामुख महोदय मार्फत म अनुरोध गर्न चाहन्छु कि म त्यतिमात्र होइन वर्तमान प्रधानमन्त्री जी अगिल्लो दुई बर्ष पहिले प्रधानमन्त्री हुँदा वहाँ सँग पनि सम्झौता भएको अवस्था हो र यो देशमा यो देशमा स्वास्थ्य सेवा महंगो भयो र शहर र राजधानी केन्द्रित भयो गरिबका छोराछोरीहरुले नेपालमा डाक्टर बन्न पाएनन् स्वास्थ्य सेवालाई माफियाबाट मुक्त गराउनु पर्‍यो भन्ने माग सहित १५ औं

पटक अनसनमा बसेका डा. के.सी. आज मरणासन्न अवस्थामा छन ।म सभामुख महोदय मार्फत केन्द्रीय सरकारलाई अनुरोध गर्न चाहन्छु तत्काल वार्ता गरेर के.सी. लाई चाहिने के भन्दाखेरि जीवन रक्षा गरोस् भन्ने म अपिल गर्न चाहन्छु। सभामुख महोदय, यहिंनेर एउटा कन्फ्युजन के छ भने पार्न खोजिएको छ कि संसद सार्वभौम हो । एउटा व्यक्तिले गरेको भरमा निर्णय गऱ्यौं भने भोलि के हुन्छ भन्ने तर्क सारेर आज त्यो बाइपास गर्ने कुरो भैराखेको छ म के भन्न चाहन्छु सभामुख महोदय सामान्य अवस्था एउटा कानुनको प्रावधानलाई देखाएर यो आन्दोलनलाई यो नेपालीहरुको आवाजलाई अगि नै मैले भने ति तमाम व्यक्तिहरु जसले नेपालको संबिधानको भाग ३ र धारा ३५ (२) ले जो ग्यारेन्टी गरेको अवस्था छ कि यो धर्तीमा जन्मिने प्रत्येक नेपाली नागरिकले स्वास्थ्यमा पहुँच पाउनुपर्छ उस्ले औषधीमुलो पाउनुपर्छ उ स्वस्थ बाँच्ने अधिकार छ उसलाई त्यो संबैधानिक अधिकारलाई कार्यान्वयन गराउनुपर्ने दायित्व भएको सरकार उल्टै त्यो कार्यान्वयन गरोस भनेर एउटा उत्रिएको अभियन्ताको विरुद्ध जो उत्रिएको छ यो लोकतान्त्रिक मुल्य र मान्यता अनुरुप छैन सभामुख महोदय, यस अर्थमा म अनुरोध गर्न चाहन्छु कि माथेमा कार्यदलले तयार गरेको र पछि डा. कोइरालाले तयार गरेको त्यो र जुन अध्यादेशको रुपमा आएको थियो त्यो अध्यादेशलाई प्रतिस्थापन बिधेयकको रुपमा तोडमोड गरेर मौलिक रुपमा फेरि माफियाहरुको हातमा हाल्ने जुन प्रपञ्चको रुपमा यो सरकारले ल्याएको केन्द्रीय सरकारले ल्याएको त्यो बिधेयक आपत्तिजनक छ यस अर्थमा त्यो अध्यादेश अनुरुप हुनुपर्छ भन्ने पनि म माननीय सभामुख महोदय मार्फत अनुरोध गर्न चाहन्छु र अन्त्यमा म के भन्न चाहन्छु भनेदेखि डाक्टर के.सी.का माग उनका व्यक्तिगत हैनन् ।मुलुककै समग्र चिकित्सा शिक्षा र सेवा सुधारका लागि समग्र चिकित्सा क्षेत्र आन्दोलित भएको, नागरिक समाज, सञ्चार जगत, राजनीतिक दल, संघ संस्थाको जुन आवाज छ त्यसलाई बेवास्ता नगरियोस् यदि यसै बहानामा के.सी. को जीवनमा कुनै किसिमको खतरा भयो भने त्यसको सम्पूर्ण दायित्व केन्द्रीय सरकारको हुनेछ भन्ने कुराहरु राख्न चाहन्छु सभामुख महोदय । अर्को कुरो आज म एउटा सभामुख महोदय मार्फत म प्रदेश सरकार या केन्द्रीय सरकार दुवै तर्फ म राख्न चाहन्छु के भने हामीले ठुलो शहिदहरुको बलिदान तपाईं हाम्रो अथक एउटा लगनशिलता र आन्दोलनका आधारमा जो प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्र छ सभामुख महोदय, आज त्यो संघीय लोकतान्त्रिक गणतन्त्रको पनि यो

सम्मानित हाउस यो प्रदेश सभा यो प्रदेश सभाको गरिमा कायम भएको छैन भन्ने मेरो अनुरोध छ सभामुख महोदय, त्यो के हो भने सभामुख महोदय संबिधानको धारा १८२ मा व्यवस्था गरेको छ त्यो के छ भन्दाखेरि यो हाउसलाई एउटा विश्वंसनिय योग्य, विश्व्सनिय, निष्पक्ष  बनाउनको लागि संबिधान निर्माताहरुले के सोचे भने सभामुख र उपसभामुख दुई पद यदि एउटै दलको भयो भने निश्चित रुपमा त्यहाँ निष्पक्षता हुँदैन । निश्चित रुपमा संसदीय दल, संसदीय व्यवस्था, परम्परा अनुरुप त्यो हुँदैन भनेर यो एउटा प्रावधान राखियो सभामुख महोदय, राखियो के भन्दा कमसेकम दुइटा पदमध्ये एउटामा महिला हुनुपर्ने अनिवार्य यो हामीले बुझेको कुरा हो । अर्को फरक पार्टीबाट प्रतिनिधित्व हुनुपर्छ । सभामुख यदि एउटा पार्टीबाट हुन्छ भने उपसभामुख अर्को पार्टीबाट हुनुपर्छ भनेर जुन व्यवस्था गरिएको थियो त्यहि अनुरुप हाम्रो यो प्रदेशमा सभामुख महोदय तत्कालिन माओवादी केन्द्रबाट सभामुख पदमा र तत्कालिन नेकपा (एमाले) बाट उपसभामुख पदमा प्रतिनिधित्व गर्ने साथीहरु पुग्नु भयो यस यहाँ सम्म ठिक छ सभामुख महोदय, संबिधानकै मर्म अनुसार त्यो भएको छ तर जब दुइटा पार्टी मिलेर एक भयो अब सभामुख महोदय एउटा कोइश्चन आको छ एउटा प्रश्न आको छ यो राजनीतिक प्रश्न संबैधानिक प्रश्न र एउटा नैतिकताको पनि प्रश्न आकोछ कि एउटै पार्टीको दुइटा दुवै पदमा कसरी हुन सक्छ? सभामुख महोदय, यहाँ तर्क आउँछ हिजो नोमिनेशन गर्दाखेरि फरक फरक थियो अब चाहिने के भन्दाखेरि अब उहाँहरु भैसक्नु भएको छ कसैको कुनै पार्टीको हुनुहुन्न सभामुख महोदय, कुनैपनि कुराको व्याख्या गर्दाखेरि संबिधानको भावना र संबिधानको स्पिरिटलाई बुझ्नु जरुरी छ । त्यो स्पिरिटले के भन्छ भन्दाखेरि अगि नै मैले निवेदन गरिसकें कि एउटा पार्टीको हुनु हुन्न । सभामुख महोदय म अनुरोध गर्न चाहन्छु विगत अभ्यास यो देशमा केन्द्रीय सभामुख भएर माननीय सुवास नेम्वाङ जी धेरै बिताउनुभयो तर निक्लेको भोलिपल्ट कहाँ जानुभयो उहाँ नेकपा (एमाले) को अहिले उपनेता हुनुहुन्छ । यल्ले के बताउँछ भन्दाखेरि निश्चित रुपमा पार्टीसँग आबद्धता छ अब प्रश्न कहाँनेर आउँछ भने हैन भैसकेपछि वहाँले छोड्नुभयो या सभामुख हुँदा कोहि हुँदैन भन्ने जुन तर्क छ सभामुख महोदय, हामीले बनाएको राजनीति दल सम्बन्धी ऐन छ सभामुख महोदय,त्यो ऐनले क्लियर गर्दिया छ सबैकुरा संबिधानमा हुँदैन तर त्यसलाई ऐनले क्लियर गर्छ ऐनले स्पष्ट के भनेको छ त त्यसमा भने जुन दलबाट सदस्य निर्वाचित भएको हुन्छ चाहे त्यो वार्ड होस

चाहे प्रदेश होस चाहे केन्द्र होस त्यो अवधिभरि त्यो दलले अर्को दल त्याग गर्न अर्को दलमा जान पाउँदैन त्यो चाहिने के भन्दाखेरि त्यहि दलको हुन्छ । यदि त्यो गयो भने दफा २ ले के भन्छ भने त्यसको त्यो पदै खारेज हुन्छ । सभामुख महोदय, म प्रश्न गर्न चाहन्छु यदि पदै खारेज हुने भयो भने यो पदमा त बस्नै मिल्दैन ।त्यसो भएको हुनाले मेरो अनुरोध के छ भने प्रदेश सरकार सँग या यो सम्मानित हाउस सँग के भन्न चाहन्छु भने संघीयतामा गैसकेपछि सर्वोच्च अदालतको नजिर जस्तो गरेर केन्द्रतिर ताकिरहन पर्दैन हामीले पनि नजिर राख्न सक्छौं यस अर्थमा कमसेकम यो ४ नं प्रदेशले यो संबिधानको भावना र स्पिरिट अनुसारको चाहिने के भन्दाखेरि एउटा ... फरक पार्टीबाट यो सम्मानित दुइटा पदमध्ये एउटामा राखियोस् भन्ने मेरो अनुरोध छ सभामुख महोदय, त्यस्तै मैले यहाँ कुनैपनि माननीय सदस्यज्युहरु प्रति मेरो व्यक्तिगत हाम्रो पार्टीको केहि छैन तर मलाई के प्रश्न उठाउन मन लाग्छ यहाँ भने दुईटा पार्टी मिल्यो एक भयो सम्पुर्ण बाहिर एक पार्टी हुने अनि यहाँ भित्र दुई भैरहने यो के परम्परा हो म यहि बुझिराछैन सभामुख महोदय, या त निर्वाचन आयोगले पत्र पठाछैन भने यो पनि कति काठमाण्डौंबाट यहाँ पत्र आउन कति टाइम लाग्छ राजधानीबाट यहाँ पत्र आउन कति लाग्छ यहाँ महिनौ भैसकेको अवस्था छ त्यसोभएको हुनाले यो हाउसको गरिमाको लागि पनि कमसेकम अब पार्टी एक भैसकेपछि वा त्यहि पार्टीको प्रतिनिधिको रुपमा यहाँका पदाधिकारीहरु पनि हुनुपर्छ भन्ने हाम्रो मान्यता छ सभामुख महोदय मलाई पूर्ण विश्वास छ कि अहिले सम्म जुन एउटा यहाँ ४ नं प्रदेशको जुन एउटा अगाडि बढेको छ र खासगरिकन प्रदेश सभामा जसरि एउटा हामीले राम्रो परम्परा कायम गरिराखेका छौं त्यो भित्र यसलाई पनि कार्यान्वयन गरेर अझ बुलन्दी तिर लैजाउँ भन्ने म अनुरोध गर्न चाहन्छु । सभामुख महोदय, अब यति भनिकन मलाई भन्न मन लाग्छ मेरो पार्टीलाई कताकता के छ भने आज संघीयताको दुहाई हामी सबैले दिन्छौं हाम्रा प्रधानमन्त्रीजी देखि लिएर सम्पूर्ण सरकारमा बस्नेहरुले संघीयताको दुहाई दिनुहुन्छ सबैभन्दाबढि संघीयतावादी हामी हो भनेर तर संघीयताको कार्यान्वयन गर्ने सन्दर्भमा उहाँहरुको के नियत छ सभामुख महोदय, म यो हाउसमा राख्न चाहन्छु आजैमात्रै सञ्चारमाध्यमहरुमा आको छ अस्तीको क्याविनेटबाट उहाँहरुले गरेको निर्णय त्यो निर्णय हेर्नुभयो भने प्रदेश सरकारै छैन । किनभने सबै केन्द्रमा सम्पूर्ण विभाग त्यहिं छ राम्रो राम्रो डिपार्टमेन्ट उहिं छ कर्मचारी उतै छन र यो प्रदेश भन्ने चिज एकप्रकारले मलाई लाग्छ मैले

भन्छु जसले चाहे त्यो सत्तावाला होस चाहे सत्ता बाहिरको जोसुकै होस जसले प्रदेशलाई अविश्वास गरेर आफनो सम्पूर्ण अधिकार केन्द्रमा राखेको छ म भन्न चाहन्छु रियल संघीयता बिरोधी भनेको त्यो तत्व वा त्यो सोचाई हो । आज एकाथरी प्रत्यक्षत संघीयताको विरुद्धमा छन एकाथरी सिधै संघीयताको विरुद्धमा छन संघीयताको पक्षधरले संघीयता लागु गर्ने सन्दर्भमा यस किसिमको षडयन्त्र जुन हुन्छ सभामुख महोदय, हाम्रो पार्टीले यो कुराको भत्सर्ना गर्दछ म यो सभामुख महोदय मार्फत केन्द्रलाई चाहिने अनुरोध गर्न चाहन्छु । सभामुख महोदय, अब हुनत मलाई बडो अप्ठ्यारो छ अब धेरै कुराहरु प्रान्तिय सरकार सँग रिलेटेड नभाका हुन सक्छन किनभने फुल फेजली प्रान्तिय सरकार उ भैसकेको अवस्था छैन यहाँको महंगीको बिषयमा, यहाँको शान्ति सुरक्षाको बिषयमा र यहाँका अन्य समस्याहरुको बिषयबाट सरकार भाग्न मिल्दैन । आज बजारमा हामी गयौंभने महंगी चुलिएको अवस्था छ यदि म गलत छैन भने अक्सिजन ग्याँस जस्तो हो लाइफ एउटा लाइफ ग्याँस हो त्यो ग्याँसमा जुन मुल्य वृद्धि भएको छ सभामुख महोदय, के यहि हो लोकतन्त्र, यहि हो समाजवादउन्मुख अर्थव्यवस्था त्यति मात्र हैन आज इन्टरनेटको कुरा आइराछ १३-१३ परसेन्ट वृद्धि भाको कुराहरु आएकाछन र त्यहाँ दाल चामल तरकारी आदि खाद्यका त कुरै नगरौं त्यसो भएको हुनाले यो कस्ले कन्ट्रोल गर्ने हो । आज सम्पूर्ण जनताहरु महंगीको चपेटामा परेका छन् । सभामुख महोदय, म सभामुख महोदय मार्फत म सम्बन्धित निकायहरुको ध्यान आकर्षण गराउन चाहन्छु सभामुख महोदय अर्को आज हर सम्बैधानिक व्यवस्थालाई मिच्ने प्रक्रिया भाको छ । म धेरै पछाडि जान चाहन्न लोकतन्त्रको व्याख्या आफ्नो तरिकाले गरेर हुँदैन सभामुख महोदय। अगिल्लो पटक म स्मरण गराउन चाहन्छु सर्वोच्च अदालतले निर्णय गरेको कुरो जुन व्यक्तिलाई सर्वोच्च अदालतले भन्यो कि उहाँ राम्रो चरित्रको राम्रो चालचलनको व्यक्ति होइन भने डिक्लियर गऱ्या छ तर सरकारलाई जेलमुक्त गर्ने एउटा दफा छ कैदीहरु पनि जल्ले राम्रो चालचलन गऱ्यो राम्रो क्यारेक्टर ठिक छ भने त्यल्लाई कन्सिडर गर्नुपर्छ भन्ने एउटा दफा समातेर अदालतलाई पुरा अवहेलना गर्ने काम भैराको अवस्था छ । त आज हिजै अस्ती मात्रै राजदुत नियुक्ति प्रकरणमा त्यहि कुरा आको छ सभामुख महोदय जबकि निर्वाचन आयोगको प्रमुख आयुक्त र आयुक्तहरुलाई कुनैपनि सरकारी पदमा नियुक्ति गर्न हुँदैन भन्ने व्यवस्था छ किन भनिएको छ भने निर्वाचन जस्तो महत्वपूर्ण आयोग जस्तो महत्वपूर्ण

निकायमा यदि भोलि मैले यसको पक्षमा गए भने भोलि यता नियुक्ति हुन्छु भन्ने आश रह्यो भनेदेखि त्यस्ले निष्पक्षता गर्छ यो बुझेर संबिधान निर्माताहरुले गरेको व्यवस्थालाई कुल्चेर आज चाहिने हिजो प्रमुख निर्वाचन आयुक्त हुनुभएको व्यक्तिलाई राजदुत बनाइएको अवस्था छ यसरि एक दिन वा दिन यो सबैको सोच र चासो र चिन्ताको बिषय हो यो व्यक्तिको भन्दापनि प्रवृतिको कुरो छ सभामुख महोदय । प्रवृतिको महत्व छ आज सम्मानित प्रधानमन्त्रीजीले बोल्दै गर्दा भन्नुभो म जस्तो लोकतन्त्रलाई लडेको व्यक्ति कसरी मैले अलोकतान्त्रिक व्यवस्था या तानाशाही हुन सक्छु यस्तै  सेन्समा कुरा गर्नुभो सभामुख महोदय, दुनियामा धेरै उदाहरण छन जो दुई तिहाई बहुमत ल्याएर लोकतान्त्रिक संघर्षै गरेका व्यक्तिहरु पनि तानाशाही भएको या अलिकति अधिनायकवादतिर लम्किएका उदाहरणहरु छन हामी के चाहन्छौं भने कमसेकम यो नेपाल त्यो नहोस् । यस अर्थमा म सभामुख महोदय मार्फत पहिलो नम्बर डा. के.सी. को अविलम्ब रिहाई उन्को माग अनुसार सम्झौता गर्नुपर्छ सरकारले । दोस्रो यो संबिधानको मुल्य र मान्यता अनुसार यो फरक पार्टीको प्रतिनिधित्व हुनेगरेर यो सम्मानित दुइटा पदमा राखिनुपर्छ भन्ने कुराहरु अनुरोध गर्न चाहन्छु । धन्यवाद ।

## माननीय सभामुख

माननीयज्युहरु, अब आफ्ना भनाईहरु राख्नुभो कतिपय अदालतमा पुगेका पनि छन तपाईंहरुले राखेको माग कतिपय माथि निर्णय गर्ने हाम्रो प्रदेश सँग सम्बन्धित पनि छैनन् अब यो सदनलाई अगाडि बढाउने अनुमति दिनुभयो भने अब हाम्रो एजेन्डाहरु अगाडि बढ्ने थिए । कुरा राख्नुभएको छ अब के छ माननीयज्युहरुको भनाई ।

माननीयज्युहरु, अब यो सदन अवरुद्ध भएको नाताले बस्न अनुरोध गर्दा मान्नु भएन त्यसकारण म सदस्यहरुलाई भोलि माननीय सदस्यहरुलाई अब यो बैठक २०७५ साल श्रावण ४ गते दिनको १ बजे सम्मको लागि स्थगित हुन्छ यहि जानकारी गराउँदै अब एकछिन कार्यव्यवस्थाको बस्नुपर्छ भन्ने लाग्या छ धन्यवाद ।